पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।१२।०७ गते                                        आ.ब. २०८१/८२ बैठक क्र.सं.१२

**निर्णय नं.१-** अघिल्लो कार्यपालिकाको बैठकमाथि समीक्षा गरियो।

**निर्णय नं.२-** नेपाल सरकारद्वारा मृगौला रोग, क्यान्सर, स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जीविकोपार्जन भत्ता उपलब्ध गराउने कार्यविधि बमोजिम यस पैयूँ गाउँपालिका अन्तर्गत स्थायी बसोबास गर्ने तपसिलका बिरामीलाई आ.व. ०८१/०८२ का लागि लाभग्राही कायम गर्ने निर्णय गरियो।

| क्र.स. | नामथर | ठेगाना | लाभग्राही कायम मिति |
|---|---|---|---|
| १ | तेजराम भारती | पैयूँ – ६ | २०८१/१२/७ |
| २ | लछिमा भुसाल | पैयूँ – ६ | २०८१/१२/७ |
| ३ | खेम प्रसाद शर्मा | पैयूँ – ५ | २०८१/१२/७ |

**निर्णय नं.३-** पैयूँ गाउँपालिकाको मिति २०८१/१२/०३ गते बसेको कार्यपालिकाको बैठकबाट स्वीकृत "निजि जग्गा व्यवस्थापनमा माटो, ढुङ्गा, गिट्टी, वालुवा आदि उत्खनन् संकलन तथा व्यवस्थित गर्ने कार्यविधि, २०८१" "फार्मेसी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" सम्बन्धमा आवश्यक छलफल गरियो।

**निर्णय नं. ४-** पैयूँ गाउँपालिका वडा नं ६ सरौंखोला निवासी खगेन्द्र प्रसाद तिवारीले जग्गा वर्गीकरण गरिपाउँ भनि दिएको निवेदन उपर छलफल गरी तपसिल अनुसार निजको जग्गा वर्गीकरण गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गा धनीको नाम | साविकको ठेगाना | कित्ता नं. | क्षेत्रफल | कायम गरिएको जग्गा वर्गीकरण |
|---|---|---|---|---|---|
| १ | खगेन्द्र प्रसाद तिवारी | सरौखोला गा.वि.स वडा नं.९ | ८८२ | ०-१४-०-० | आवासीय |

**निर्णय नं. ५-** पैयूँ गाउँपालिकाको चालु आ.व.२०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गत कृषि तथा पशु शाखाको देहायका कार्यक्रमहरु कार्यक्रम सञ्चालन कार्यविधिको अधिनमा रहि तपसिल बमोजिम कार्यान्वयन निर्णय गरियो।

क) ५० प्रतिशत लागत साझेदारीमा टनेल वितरणः गाउँपालिकाको मिति २०८१/०८/१७ गते प्रकाशित सूचना अनुसार प्राप्त भएका आवेदनहरु (कृषक संख्या १०१, माग संख्या १५७) सबैलाई लाभग्राही कायम गर्ने निर्णय गरिन्छ।

ख) साना सिंचाइ कार्यक्रमः गाउँपालिकाको मिति २०८१/०८/१७ गते प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरुका आधारमा साना सिंचाई कार्यक्रमका योजनाहरु तपसिल अनुसार छनौट गरी कार्यन्वयन गर्ने निर्णय गरिन्छ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।१२।०७ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१२

| क्र.सं. | योजनाको नाम | योजना कार्यान्वयन गर्ने कृषक समूह/कृषि सहकारी / फर्म | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | बहाबी माझको सिंचाई कुलो | बस्याल एकीकृत कृषि फर्म | १ | २ लाख |
| २. | ठूलीबेसी मसारे सिँचाई कुलो निर्माण | पैयूँ कालिका कृषि तथा पशुपक्षी फर्म | २ | २ लाख |
| ३. | सिब्दीखोला सिँचाई कुलो | श्री भट्टराई कृषि तथा पशुपक्षी फर्म | ३ | २ लाख |
| ४. | गहेटारी कुलो मर्मत र बेलटारी कुलो मर्मत | श्री पैयूँखोला सहकारी संस्था लिमिटेड | ४ | १ लाख ५० हजार |
| ५. | गेउदी खोल्सा-किक्रिक सिँचाई कुलो | श्री भिम बहुउद्देश्यीय कृषि फर्म | ४ | ५० हजार |
| ६. | पिप्लेटारी सिँचाई कुलो | श्री पैयूँ कृषक समूह | ५ | १ लाख |
| ७. | तल्लो बिरुवा केटिचौर आप सिँचाई कुलो | श्री शिद्धबाबा नमुना कृषि सहकारी संस्था | ५ | १ लाख |
| ८. | मेदीखोला बारी सिँचाई कुलो मर्मत | श्री धैरेनी कृषि तथा पशुपंक्षी फर्म | ६ | १ लाख |
| ९. | मेदीखोला सिँचाई कुलो मर्मत | श्री ग्रामिण व्यवसायीक कृषि विकास सहकारी संस्था | ६ | १ लाख |
| १० | गहते खोला पोखरीडाडाँ ढावा खर्त कुलो | हमाल कृषि तथा पशुपक्षी फर्म | ७ | १ लाख |
| ११ | भुवनगैरा- गैरावारी (बाटो मुनी) सिँचाई कुलो | श्री दाङसिङ कृषि तथा पशुपक्षी फर्म | ७ | १ लाख |

ग) व्यवसायीक बाखापालन फर्महरुलाई प्रोत्साहन अनुदानः पैयूँ गाउँपालिकाको मिति २०८१/१०/०७ गते प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरुको आधारमा स्थलगत अनुगमन गरी पशु शाखाले पेस गरेको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन उपर आवश्यक छलफल गरी कार्यक्रम संचालन कार्यविधिको मापदण्ड भित्र रही तपसिल बमोजिमको बाखाको संख्याको आधारमा प्रोत्साहन अनुदान रकम दाबी विरोधको अधिनमा रहि उपलब्ध गराउने निर्णय गरियो।

| बाखा संख्या | रकम | अनुदान प्राप्त गर्ने कृषक संख्या | जम्मा रकम |
|---|---|---|---|
| १५ देखि २४ | १० हजार | १७ जना | १,७०,०००।- |
| २५ देखि ३४ | २० हजार | २ जना | ४०,०००।- |
| ३५ देखि ५० | २५ हजार | ८ जना | २,००,०००।- |
| ५० देखि माथि | ४० हजार | २ जना | ८०,०००।- |

प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय भएका व्यवसायीक बखापालन फर्महरुको विवरणः

| क्र.सं | संचालकको नाम थर | फर्मको नाम | ठेगाना |
|---|---|---|---|
| १ | उमाकान्त तिवारी | धैरेनी विकास कृषि तथा पशुपन्छी फर्म | पैयूँ ०६ |
| २ | यज्ञ प्रसाद तिवारी | धैरेनी कृषि तथा पशुपन्छी फर्म | पैयूँ ०६ |



पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८१।१२।०७ गते

आ.ब. २०८१/८२ बैठक क्र.सं.१२

| | | | |
|---|---|---|---|
| ३ | तेजेन्द्र गौतम | गौतम पशु तथा कृषि फर्म | पैयूँ ०६ |
| ४ | हिमलाल सापकोटा | सापकोटा कृषि तथा पशुपन्छी फर्म | पैयूँ ०६ |
| ५ | रुक बहादुर थापा क्षेत्री | सावित्रा बाख्रापालन फर्म | पैयूँ ०६ |
| ६ | अतिश राना | The Juilus Multipurpose Agro Farm | पैयूँ ०६ |
| ७ | खेम कुमारी अधिकारी | अधिकारी बाख्रा फर्म | पैयूँ ०६ |
| ८ | दिर्घ नारायण न्यौपाने | न्यौपाने बाख्रापालन फर्म | पैयूँ ०६ |
| ९ | छलि तिवारी | कालिका पशुपन्छी फर्म | पैयूँ ०६ |
| १० | जगन्नाथ भट्टराई | भट्टराई कृषि तथा पशुपन्छी फर्म | पैयूँ ०७ |
| ११ | शिव मल्ल | शिव कृषि तथा पशुपंक्षी फर्म | पैयूँ ०७ |
| १२ | चोक बहादुर गुरुङ्ग | गुँरास एकिकृत कृषि फर्म | पैयूँ ०७ |
| १३ | सुनिता सेन | संकल्प कृषि तथा पशुपन्छी फर्म | पैयू ०४ |
| १४ | हेम प्रसाद बस्याल | रिता पशु तथा कषि फर्म | पैयू ०४ |
| १५ | सुरन प्रताप सेन | बेशिथोक कृषि तथा पशुपन्छि फर्म | पैयू ०४ |
| १६ | सिता भुसाल | भुसाल कृषि बाख्रा फर्म | पैयू ०४ |
| १७ | ज्ञानेन्द्र प्रताप सेन | पैयूँ कालिका कृषि तथा पशुपन्छी फर्म | पैयू ०४ |
| १८ | छविलाल न्यौपाने | पशुपंछी तथा कृषि फर्म | पैयूँ ०१ |
| १९ | यामकला काफ्ले | यामकला कृषि तथा पशुपंछी फर्म | पैयूँ ०२ |
| २० | पिमा थापा | पिमा बाख्रापालन फर्म | पैयूँ ०२ |
| २१ | अनिता राना | राना बाख्रा फर्म | पैयूँ ०२ |
| २२ | युकेश थापा | शिवपुरी कृषि तथा पशुपंछी फर्म | पैंयू ०३ |
| २३ | कृष्ण प्रसाद काफ्ले | दुर्लुङ्ग बाख्रा फर्म | पैंयू ०३ |
| २४ | टेक वहादुर थापा | टिका कृषि बाख्रापालन फर्म | पैंयू ०३ |
| २५ | निर्मला काफ्ले | काफ्ले बाख्रापालन फर्म | पैंयू ०३ |
| २६ | चुत्र वहादुर थापा | अन्जना कृषि तथा पशुपंछी फर्म | पैंयू ०३ |
| २७ | झपट वहादुर राना | पालुस्थान राना मास्की कृषि तथा पशुपालन फर्म | पैंयू ०३ |
| २८ | हरी प्रसाद भुर्तेल | नविन कृषि तथा पशुपंछी फर्म | पैंयू ०५ |
| २९ | खेमानन्द भुर्तेल | गुरु कुल्यान कृषि तथा पशुपालन फम | पैंयू ०५ |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।१२।०७ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१२

**निर्णय नं. ६-** पैयूँ गाउँपालिकाको “नदी तथा खनिज जन्य प्राकृतिक स्रोत साधन संकलन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०८१” स्वीकृत गरी राजपत्रमा प्रशासन गर्ने निर्णय गरिन्छ।

**निर्णय नं. ७-** पैयूँ गाउँपालिकाभित्र विभिन्न कृषि तथा कृषक समुहले उत्पादन गरेका आलुलाई चिस्यानकेन्द्र सम्म पुर्‍याउनका लागि आवश्यक सहयोग गरिदिन भनि गाउँवेसि कृषि समुह लगायत विभिन्न समुहबाट अनुरोध भई आएकोमा उक्त अनुरोधलाई सम्बोधन गर्दै आलु भण्डारणको लागि चिस्यान केन्द्रसम्म पुर्‍याउन लाग्ने लाग्ने ढुवानी वापतको रकम चालु आ.व.०८१/८२ को वार्षिक विकास योजनाको आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरिन्छ।

**निर्णय नं. ८-** पैयूँ गाउँपालिका वडा नं. ६ को च.नं. ६१० मिति २०८१/११/२५ को पत्रानुसार वडा नं. ६ स्थित बैथोक टोलको उत्तरतर्फ तथा सेतिखोलाको पश्चिमतर्फ पहिरो गई बस्ति जोखिममा परेको र उक्त बस्ती संरक्षणका लागि भू तथा जलाधार कार्यालयबाट बजेट विनियोजन भई कार्यसञ्चालन भएको अवस्थामा उक्त स्थानमा ग्याबिन वाल निर्माण गर्न ढुङ्गा ढुवानीको लागि बाटो नभएको र उक्त बस्ति संरक्षण गर्ने दायित्व गाउँपालिकाको समेत रहेकाले सोही बस्ति नजिक रहेको सेतिखोलाबाट लागत अनुमान बराबरको Quantity मा ढुङ्गा उपभोग गर्न प्रति ट्रयाक्ट रु.१,०००।- (अक्षरेपि एक हजार मात्र) लिने गरी राजश्वको दर कायम गर्ने र सोको जानकारी भू तथा जलाधार कार्यालयलाई गराउने निर्णय गरिन्छ।

**निर्णय नं. ९-** पैयूँ गाउँपालिका वडा नं. ४ हुवास बजारमा भु तपस्या तथा महायज्ञ कार्यक्रम सञ्चालन भएको र उक्त कार्यक्रममा सहयोग गर्न पैयूँ गाउँपालिकाको १५ औं गाउँसभाबाट वडा नं. १ र वडा नं. ४ अन्तर्गतको वडागत कार्यक्रममा बजेट समेत विनियोजन भई स्वीकृत भएकाले सो कार्यक्रमको लागि विनियोजन भएको रकम भुक्तानी गर्ने निर्णय गरिन्छ।

**निर्णय नं. १०-** पैयूँ गाउँपालिकाको फुटबल टिम विभिन्न स्थान तथा गाउँपालिकाको आयोजनामा सञ्चालन हुने फुटबल प्रतियोगितामा सहभागी हुनका लागि जर्सी र प्रवेश शुल्क वापतको रकम रु ३०,०००।-(अक्षरेपि तीस हजार मात्र) चालु आ.व. ०८१/८२ को वार्षिक विकास योजनाको आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरिन्छ।

**निर्णय नं. ११-** पैयूँ हटिया नेवाः खलले सञ्चालन गरेको खुला भलिबल प्रतियोगिता,२०८१ मा पैयूँ गाउँपालिकाको तर्फबाट कार्यक्रम सञ्चालनमा सहयोगका लागि रु ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) चालु आ.व. ०८१/८२ को वार्षिक विकास योजनाको आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरिन्छ।

**निर्णय नं. १२-** आ.व.०८१/०८२ को रोजगार शाखाको स्वीकृत कार्यक्रम अन्तर्गत पैयूँ गाउँपालिकाको रोजगार रणनीति निर्माणका लागि पैयूँ गाउँपालिकाको मस्यौदा समितिलाई आवश्यक अधिकार प्रदान गरी रोजगार रणनीति निर्माण गरी विधेयक समितिमा पेस गर्न निर्देशन दिने निर्णय गरियो।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।१२।०७ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१२

**निर्णय नं. १२-** "पैयूँ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५" मा तपसिल अनुसार संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| दफा | हाल कायम व्यवस्था | संशोधन गरिने विषय | कैफियत |
|---|---|---|---|
| दफा ४ को उपदफा ३(क) | शैक्षिक योग्यता वापत ७० अङ्क(विशिष्ठ श्रेणी वापत ६० प्रथम श्रेणी वापत ५५ द्वितीय श्रेणी वापत ५० तृतीय श्रेणी वापत ४५ अङ्क | माथिल्लो योग्यता वापत थप १० अङ्क प्रदान गर्न सकिने | |
| दफा ४ को उपदफा ३(घ) | सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा १०, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ७, अन्यको ४ | पैयूँ गाउँपालिको बासिन्दा भएमा १०, पर्वत जिल्लाको बासिन्दा भएमा ८, गण्डकी प्रदेशको बासिन्दा भएमा ६, अन्यको हकमा ४ | |
| दफा ४ को खण्ड (ख) | अध्यक्षले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी | संयोजकले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी | |
| दफा ५ को उपदफा १ | | प्रारम्भिक छनोटमा परेका उम्मेदवारको लिखित परिक्षा ५० अङ्कको हुनेछ । जसमा प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश,पोखराले तोकेबमोजिमको पाठ्यक्रममा रही माग भएको पदसँग सम्बन्धित ५० वटा बहुबैकल्पिक प्रश्नहरु सोधिनेछ । | उपदफा थप गर्ने |
| दफा ५ को उपदफा २ | | लिखित परिक्षा र अन्तर्वाता सम्बन्धी सम्पूर्ण अधिकार र अन्तिम निर्णय अन्तर्वाता तथा सूचिकरण समितिको हुनेछ । | उपदफा थप गर्ने |

**निर्णय नं. १३-** पैयूँ गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका रिक्त पदहरुमा करारमा कर्मचारी नियुक्ति गर्न विज्ञापन गर्ने निर्णय गरिन्छ ।

**तपसिल**

| क्र.स. | पद | तह | पद संख्या |
|---|---|---|---|
| १ | पशु चिकित्सक | अधिकृत (छैटौं) | १ |
| २ | हेल्थ असिस्टेन्ट | सहायक (पाँचौ) | १ |
| ३ | अ.हे.व | सहायक (चौथो) | १ |
| ४ | अ.न.मी. | सहायक (चौथो) | १ |
| ५ | ब्याक हो लोडर अपरेटर | सहायक (दोस्रो) | १ |



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुवाकोट, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।१२।०७ गते                                        आ.ब. २०८१/८२ बैठक क्र.सं.१२

<u>निर्णय नं.१४</u>- यस गाउँपालिकाबाट मिति २०८१।११।२७ गते गुजरगानो र चुत्रो संकलन तथा निकासी नगर्ने नगराउने सम्बन्धी सूचना जारी गरिएको र उक्त सूचनाको विपरित हुने गरी जो कसैले गुजरगानो र चुत्रोको ओसार पसार गरेको देखि प्रहरीबाट पक्राउ परी गाउँपालिकामा पेस भएमा उक्त कारोबार गर्ने सवारी साधनहरुलाई राजश्व परामर्श समितिबाट सिफारि भए बमोजिम  तपसिल अनुसार जरिबाना गर्ने निर्णय गरिन्छ।

<u>तपसिल</u>

पहिलो पटक पक्राउ परेमा रु.१,५००। र पक्राउ परेको सामान जफत गर्ने।

दोस्रो पटक पक्राउ परेमा रु.३,०००। र पक्राउ परेको समान जफत गर्ने।

तेस्रो पटक पक्राउ परेमा रु.६,०००। र पक्राउ परेको सामान जफत गर्ने।

तेस्रो पटक भन्दा बढी पक्राउ परेमा पटकै पिच्छे रु.३०००। थप हुदै जाने र पक्राउ परेको सामान जफत गर्ने।

<u>निर्णय नं.१५</u>- यस गाउँपालिका क्षेत्र भित्र आफ्नो सेवा प्रवाह गर्ने इन्टरनेट सेवा प्रदायकहरुलाई गाउँपालिकामा सूचीकृत हुन राजश्व परामर्श समितिबाट सिफारिस भए बमोजिम सूचीकृत हुन तपसिल अनुसार राजश्वको दर कायम गर्ने निर्णय गरिन्छ।

तपसिल

| क.स. | सेवाको प्रकार | राश्वको दर |
|---|---|---|
| १ | इन्टरनेट सेवा मात्र प्रदान गर्ने सेवा प्रदायक | २०००। |
| २ | इन्टरनेट र टेलिभिजन सेवा दुबै प्रदान गर्ने सेवा प्रदायक | ३०००। |

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुवाल, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३